काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७८ | शुक्रवार, २७ चैत, २०८२ | Friday, 10 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

कर्णालीमा

साइबर सुरक्षा सुदृढीकरणका लागि दुई दिने कार्यशाला सम्पन्न



काँक्रेविहार संवाददाता

सुर्खेत, २६ चैत

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) अन्तर्गत सूचना तथा सञ्चार प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्र, कर्णाली प्रदेश प्रादेशिक कार्यालयको आयोजनामा दुई दिने साइबर सुरक्षा सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ। २०८२ चैत २५ र २६ गते सञ्चालन गरिएको कार्यशालामा प्रदेशका विभिन्न सरकारी तथा गैरसरकारी निकायका ३५ भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

'Building Cyber–Ready OrganizationsM Strategy, Tools, and Hands–On Insights' शीर्षकमा आयोजित उक्त कार्यक्रमको मुख्य उद्देश्य डिजिटल प्रविधिमा रहेको अन्तर (डिजिटल ग्याप) कम गर्नुका साथै साइबर सुरक्षा सम्बन्धी सचेतना र दक्षता अभिवृद्धि गर्नु रहेको आयोजक नास्टका निमित्त कार्यालय प्रमुख बम बहादुर साँउदले बताए।

कार्यशालामा नेपाल आर्मी, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल टेलिकम, राष्ट्रिय अनुसन्धान विभाग, जल तथा मौसम विज्ञान विभाग, वीरेन्द्रनगर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, प्रदेश प्रहरी कार्यालय, लोकसेवा आयोग, मध्यपश्चिम विश्वविद्यालय,पत्रकार लगायतका विभिन्न निकायका प्रतिनिधिहरू सहभागी भएका थिए।

कार्यक्रममा सहभागीहरूलाई संस्थागत स्तरमा साइबर सुरक्षा कसरी सुदृढ बनाउने, डिजिटल प्रणालीमा देखिने जोखिमहरूको पहिचान र व्यवस्थापन कसरी गर्ने, तथा बढ्दो साइबर चुनौतीहरूबाट डेटा र सूचना प्रणालीलाई सुरक्षित राख्ने उपायहरूबारे व्यावहारिक तथा प्राविधिक ज्ञान प्रदान गरिएको थियो।

विशेषगरी, संस्थाहरूलाई 'साइबर-रेडी' बनाउने रणनीति, सुरक्षा उपकरणहरूको प्रयोग, डेटा संरक्षण, नेटवर्क सुरक्षा, जोखिम मूल्यांकन र प्रतिक्रिया प्रणाली (Incident Response) जस्ता विषयहरूमा अभ्याससहित प्रशिक्षण दिइएको थियो। सहभागीहरूले आफ्ना-आफ्ना संस्थाको वर्तमान सुरक्षा अवस्था मूल्यांकन गर्दै सुधारका सम्भावित उपायहरूबारे पनि छलफल गरेका थिए।

प्रशिक्षकका रूपमा डा. निरोज पाण्डे, डा. बिमला देवकोटा, प्रदीप ढोडारी, डा. सुवर्ण शाक्य र नरेश कोइरालाले प्रशिक्षण दिएका थिए। उनीहरूले साइबर सुरक्षाको महत्व, वर्तमान चुनौतीहरू र समाधानका व्यावहारिक उपायहरूबारे विस्तृत जानकारी गराएका थिए। कार्यक्रमले कर्णाली प्रदेशका सरकारी तथा अन्य संस्थाहरूमा साइबर सुरक्षा सम्बन्धी सचेतना बढाउने, प्राविधिक क्षमता विकास गर्ने तथा प्राप्त ज्ञानलाई व्यवहारमा लागू गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

कर्णालीमा अन्धविश्वास र हिंसाको डरलाग्दो चित्र

कडा कानून, फितलो कार्यान्वयन



तस्बिर : ए.आई.द्वारा सिर्जित

काँक्रेविहार संवाददाता

सुर्खेत, २६ चैत

नेपालमा बोक्सीको आरोपलाई अन्धविश्वासमा आधारित भन्दै कानुनले पूर्ण रूपमा निषेध गरेको छ। 'बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन, २०७२' ले यस्तो आरोप लगाउने, कुटपिट गर्ने, सार्वजनिक रूपमा अपमान गर्ने, मलमूत्र खुवाउने, गाउँ निकाला गर्ने वा सामाजिक बहिष्कार गर्ने जस्ता कार्यलाई गम्भीर अपराध मानेको छ। यस्तो अपराधमा पाँच वर्षसम्म कैद, ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था छ। तर कर्णाली प्रदेशमा भने कानुनी व्यवस्थाभन्दा सामाजिक कुसंस्कार बलियो देखिँदै गएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशले सार्वजनिक गरेको 'मानव अधिकार वर्ष पुस्तक २०२६' अनुसार बोक्सी आरोपसम्बन्धी दुर्व्यवहार अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन। सन् २०२५ मा मात्र यस्ता तीन घटना अभिलेख भएका छन्। तथ्यांक हेर्दा सन् २०२१ मा सात, २०२२ मा एक, २०२३ मा तीन र २०२४ मा तीन घटना भएका छन्। संख्या घट्दो देखिए पनि समस्या ज्यूँका त्यूँ रहेको इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदी बताउँछन्।

उनका अनुसार अन्धविश्वास, अशिक्षा र सामाजिक संरचनामा रहेको विभेदकारी सोचका कारण यस्ता घटनाहरू अझै भइरहेका छन्। "कानुन भएर मात्रै पुग्दैन, त्यसको प्रभावकारी कार्यान्वयन र समाजमा चेतनाको विकास हुनुपर्छ," उनले भने, सुवेदीले प्रथाजन्य कुसंस्कारविरुद्ध बनेका कानुनहरू व्यवहारमा प्रभावकारी रूपमा लागू नहुँदा मानवअधिकार हनन भइरहेको उल्लेख गरे।

यता कर्णाली प्रदेशमा जबर्जस्ती करणीका घटनामा पनि उल्लेख्य वृद्धि भएको देखिएको छ। इन्सेकको तथ्यांक अनुसार सन् २०२१ मा २७ घटना रहेका बलात्कारका केसहरू २०२५ मा पुग्दा ६४ पुगेका छन्। २०२२ मा ३९, २०२३ मा ५१ र २०२४ मा ६० घटना अभिलेख भएका छन्। यसले प्रदेशमा महिला तथा बालिकामाथि हुने यौनजन्य हिंसा तीव्र रूपमा बढ्दै गएको देखाउँछ।

सुवेदीका अनुसार यस्ता घटनाको वृद्धि हुनुमा सामाजिक चेतनाको अभाव, कानुनी कार्यान्वयनमा कमजोरी, पीडितले उजुरी गर्न डराउनु, र गहिरो लैंगिक असमानता प्रमुख कारण हुन्। "बलात्कारजस्ता गम्भीर अपराध रोक्न कडा कानुनी कारबाहीसँगै समाजमा चेतना, विद्यालयस्तरबाटै लैंगिक शिक्षा र पीडितमैत्री वातावरण अनिवार्य छ," उनले भने।

मानवअधिकार उल्लंघनका समग्र घटनाहरू पनि कर्णालीमा चिन्ताजनक नै छन्। सन् २०२५ मा राज्य पक्षबाट ८५ र अन्य पक्षबाट ६ सय ९ गरी कुल ६ सय ९४ जना पीडित भएका छन्। अघिल्लो वर्ष २०२४ मा ६ सय ८ घटनामा ५ सय १५ महिला र ८१ पुरुष पीडित भएका थिए। यसले वर्षेनि मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भइरहेको देखाउँछ।

मानवअधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालका अनुसार दण्डहीनता अन्त्य नभएसम्म यस्तो अवस्था सुधार हुने सम्भावना न्यून छ। "विधिको शासन, संस्थागत सुधार र राज्यको जवाफदेहिता सुनिश्चित नगरेसम्म मानवअधिकार हनन रोकिन्न," उनले भने, उनका अनुसार नागरिक सचेतना अभिवृद्धि, सुशासन कायम र अधिकार सुनिश्चितताका लागि सरकार, नागरिक समाज र सरोकारवाला निकायबीच समन्वय अपरिहार्य छ।

महिलामाथि हुने हिंसाको अवस्था झनै गम्भीर देखिएको छ। इन्सेकको तथ्यांक अनुसार सन् २०२५ मा ६ सय ९४ पीडितमध्ये ५ सय ३७ महिला रहेका छन्। २०२० मा ४ सय २२ मध्ये २ सय १७ महिला पीडित थिए भने त्यसयता महिला हिंसा निरन्तर बढ्दो क्रममा छ। २०२४ मा ६ सय २४ मध्ये ४ सय १५ महिला पीडित थिए।

गत वर्ष मात्र घरेलु हिंसाका १ सय २१ घटना अभिलेख भएका छन्, जुन सबैभन्दा बढी हो। त्यसैगरी बलात्कारका ४८, बलात्कार प्रयासका ११, परिवारका सदस्यबाट हत्या गरिएका आठ, बोक्सी आरोपसम्बन्धी तीन, बलात्कारपछि हत्या गरिएको एक तथा यौन दुर्व्यवहारका दुई घटना पनि अभिलेखमा छन्। यी तथ्यांकले कर्णालीमा महिला सुरक्षा अत्यन्त कमजोर रहेको स्पष्ट देखाउँछ।

विशेषगरी घरेलु हिंसा र यौनजन्य अपराध उच्च हुनुले महिला अधिकारको अवस्था चुनौतीपूर्ण रहेको अधिकारकर्मीहरू बताउँछन्। सामाजिक संरचनामा गढिएको पितृसत्तात्मक सोच, आर्थिक निर्भरता, अशिक्षा र कानुनी पहुँचको कमीले महिलालाई अझ जोखिममा पारेको उनीहरूको भनाइ छ।

सरकारले विभिन्न कार्यक्रममार्फत यस्ता अपराध नियन्त्रण गर्ने दाबी गरे पनि तथ्यांकले प्रभावकारिता कमजोर रहेको देखाउँछ। कानुन निर्माण मात्र पर्याप्त नभई त्यसको कडाइका साथ कार्यान्वयन, पीडितलाई न्याय र दोषीलाई दण्ड सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिएको छ।

कर्णालीमा बढ्दो अन्धविश्वास, लैंगिक हिंसा र मानवअधिकार उल्लंघनका घटनाले तीनै तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज र आम नागरिक सबैलाई गम्भीर बनाएको छ। प्रभावकारी कदम, कडा कानुनी कार्यान्वयन र समाजमा व्यापक चेतना अभियान सञ्चालन नगरेसम्म यस्ता समस्या अन्त्य हुन कठिन देखिन्छ।

स्वास्थ्य बीमाप्रति आकर्षण बढ्दो, ४७ हजार बढी नागरिक आबद्ध

काँक्रेविहार संवाददाता

दैलेख, २६ चैत

स्वास्थ्य बीमा कार्यक्रमप्रति नागरिकको आकर्षण क्रमशः बढ्दै जाँदा दैलेख जिल्लामा हालसम्म ४७ हजार ५० जना नागरिक यस कार्यक्रममा आबद्ध भएका छन्। यो संख्या जिल्लाको कुल जनसंख्या २ लाख ५३ हजार ३ सय १९ को करिब १८ प्रतिशत हो। स्वास्थ्य बीमा बोर्डको स्थापना भएको १० वर्ष पूरा भएको अवसरमा 'राज्यको लगानी, नागरिकको योगदानः स्वास्थ्य बीमा साझा अभियान' भन्ने मूल नारासहित देशभर कार्यक्रमहरू आयोजना गरिँदै आएको छ। सोही अवसरमा स्वास्थ्य बीमा बोर्ड जिल्ला कार्यालय दैलेखले जिल्लामा बीमा कार्यक्रममा सहभागी नागरिकको तथ्यांक सार्वजनिक गरेको हो।

एचआईभी/एड्स, क्षयरोग र कुष्ठरोगबाट प्रभावित व्यक्तिका परिवारका सबै सदस्यलाई पनि निःशुल्क स्वास्थ्य बीमा सेवा उपलब्ध गराइन्छ।



स्वास्थ्य बीमा बोर्ड दैलेख शाखाका संयोजक सन्दीप पुनमगरका अनुसार जिल्लाका सबै स्थानीय तहबाट नागरिकहरू स्वास्थ्य बीमामा आबद्ध भइरहेका छन्। विवरणअनुसार भगवतीमाई गाउँपालिकामा ३ हजार ३ सय ६८, भैरवी गाउँपालिकामा ३ हजार ४ सय ७१, डुङ्गेश्वर गाउँपालिकामा ३ हजार ८ सय २०, गुराँस गाउँपालिकामा ३ हजार ७ सय ७८ र महाबु गाउँपालिकामा २ हजार ९ सय ८६ जना बीमामा आबद्ध छन्। त्यस्तै नौमुले गाउँपालिकामा २ हजार १ सय २४, ठाँटीकाँध गाउँपालिकामा ३ हजार ३ सय ३५, चामुण्डाबिन्द्रासैनी नगरपालिकामा ४ हजार ३६, आठबिस नगरपालिकामा २ हजार ९ सय ७३, दुल्लु नगरपालिकामा ८ हजार ४ सय ३४ तथा नारायण नगरपालिकामा सबैभन्दा बढी ८ हजार ७ सय २५ जना स्वास्थ्य बीमामा आबद्ध रहेका छन्।

स्वास्थ्य बीमा बोर्डका अनुसार ७० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकलाई व्यक्तिगत रूपमा निःशुल्क स्वास्थ्य बीमा सुविधा प्रदान गरिँदै आएको छ। त्यस्तै एचआईभी/एड्स, क्षयरोग र कुष्ठरोगबाट प्रभावित व्यक्तिका परिवारका सबै सदस्यलाई पनि निःशुल्क स्वास्थ्य बीमा सेवा उपलब्ध गराइन्छ। महिला स्वास्थ्य स्वयंसेविकाका परिवारका लागि पनि विशेष व्यवस्था गरिएको छ। उनीहरूको स्वास्थ्य बीमा शुल्क नेपाल सरकारले ५० प्रतिशत र कर्णाली प्रदेश सरकारले थप ५० प्रतिशत व्यहोर्ने भएपछि उनीहरूका परिवारले पूर्ण रूपमा निःशुल्क सेवा पाउँदै आएका छन्। स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुन पाँच सदस्यीय परिवारले वार्षिक ३ हजार ५ सय रुपैयाँ तिरेर १ लाख रुपैयाँसम्मको उपचार सुविधा पाउने व्यवस्था छ। पाँच जनाभन्दा बढी सदस्य भएका परिवारका हकमा प्रति सदस्य थप ७ सय रुपैयाँ तिर्नुपर्ने हुन्छ भने प्रत्येक थप सदस्यका लागि २० हजार रुपैयाँका दरले उपचार सेवा सुविधा पनि थपिने प्रावधान छ। स्वास्थ्य बीमा बोर्डले यस कार्यक्रमले नागरिकलाई सहज, सुलभ र पहुँचयुक्त स्वास्थ्य सेवा प्राप्त गर्न महत्वपूर्ण सहयोग पुऱ्याइरहेको जनाएको छ। जिल्लामा बीमा कार्यक्रममा सहभागी संख्या बढ्दै जानु स्वास्थ्य सेवाप्रतिको जनचेतना वृद्धि र सरकारी कार्यक्रमप्रतिको विश्वास बढेको संकेतका रूपमा लिइएको छ।

संसदको दुवै सदनको चालु अधिवेशन आज रातिदेखि अन्त्य हुने



काँक्रेविहार संवाददाता

काठमाडौं, २६ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको दुवै सदनको चालु अधिवेशन अन्त्य गरेका छन्।

नेपाल सरकार, मन्त्रिपरिषद्को गत चैत २४ गतेको सिफारिसमा राष्ट्रपति पौडेलले संवत् २०८२ साल चैत २७ गते शुक्रबार राति १२:०० बजेदेखि लागू हुने गरी अधिवेशन अन्त्य गरेका हुन्।

राष्ट्रपति कार्यालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम यो निर्णय भएको जानकारी दिएको छ। राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिअनुसार मन्त्रिपरिषद्को निर्णय र सिफारिसका आधारमा राष्ट्रपतिले यो कदम चालेका हुन्।

यससँगै प्रतिनिधि सभा र राष्ट्रिय सभाको वर्तमान अधिवेशन औपचारिक रूपमा समापन हुने भएको छ। सरकारले संसद्को हिउँदे अधिवेशन अन्त्य गरी बजेट अधिवेशनको तयारीका लागि यो सिफारिस गरेको हो।

नेपालको संवैधानिक व्यवस्था अनुसार सरकारको सिफारिसमा राष्ट्रपतिले संसद्को अधिवेशन आह्वान र अन्त्य गर्ने व्यवस्था रहेको छ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

प्रतिवेदन लेखनमा अनावश्यक खर्च

कुनै पनि सरकारका लागि अध्ययन, अनुसन्धान र प्रतिवेदनहरू नीति निर्माण तथा सुधारका आधारस्तम्भ मानिन्छन् । तर ती प्रतिवेदनहरू कार्यान्वयनमै नआउने हो भने तिनमा गरिएको समय, श्रम र सार्वजनिक स्रोतको खर्च औचित्यहीन बन्न पुग्छ । कर्णाली प्रदेशमा प्रशासनिक पुनर्संरचनासम्बन्धी उच्चस्तरीय अध्ययन प्रतिवेदनको वर्तमान अवस्था यही विडम्बनाको उदाहरण बनेको छ । प्रदेश संरचना चुस्त, प्रभावकारी र खर्च घटाउने उद्देश्यले तयार पारिएको प्रतिवेदन पहिलो चरणमै सीमित हुनु गम्भीर चिन्ताको विषय हो । अध्ययनका लागि उच्चस्तरीय समिति गठन, विज्ञहरूको संलग्नता, समयसीमा भित्र प्रतिवेदन बुझाइ जस्तायी सबै प्रक्रिया पूरा भए पनि कार्यान्वयन पक्ष कमजोर देखिनु राज्य सञ्चालनको इच्छाशक्ति माथि प्रश्न उठाउने विषय हो । प्रतिवेदन सार्वजनिक भएसँगै राजनीतिक दलहरू, कर्मचारीतन्त्र र सरोकारवाला पक्षबाट विरोध हुनु लोकतान्त्रिक अभ्यासको हिस्सा हुन सक्छ । तर विरोधकै कारण सुधार प्रक्रिया ठप्प हुनु भने स्वीकार्य छैन । अझ कार्यान्वयनलाई सहज बनाउन अर्को समिति गठन गरिनु र त्यसले समेत प्रभावकारी रूपमा काम अघि बढाउन नसक्नु प्रशासनिक असक्षमता र समन्वय अभावको घोतक हो । मन्त्रालय घटाउने, अनावश्यक संरचना खारेज गर्ने जस्ता सुझावहरू राज्यको खर्च घटाउने र सेवा प्रवाह सुधार्ने उद्देश्यका लागि थिए । तर राजनीतिक असहमति र स्वार्थका कारण ती सुझावहरू कार्यान्वयन हुन नसक्नुले सुधारभन्दा सत्ता सन्तुलनलाई प्राथमिकता दिइँदैछ भन्ने स्पष्ट संकेत गर्छ ।

कर्णाली प्रदेशमा प्रशासनिक पुनर्संरचना सम्बन्धी उच्चस्तरीय अध्ययन प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयनमा नआउँदै अलपत्र परेको हो । प्रदेशको संरचना चुस्त, प्रभावकारी र खर्च घटाउने उद्देश्यसहित तयार पारिएको प्रतिवेदन कार्यान्वयन पहिलो चरणमै सीमित बनेको छ । मुख्यमन्त्री यामलाल कँडेलले गत वैशाखमा अवकाशप्राप्त सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा 'उच्चस्तरीय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति' गठन गरेका थिए । समितिमा पूर्वप्रमुख सचिव डा. गोपीकृष्ण खनाल र डा. सुरेश तिवारी सदस्य रहेका थिए । उक्त समितिले असार १५ गते सरकारलाई प्रतिवेदन बुझाएको थियो । तर प्रतिवेदन सार्वजनिक भएसँगै सत्तारूढ नेपाली कांग्रेस, प्रतिपक्षी दल तथा कर्मचारीतन्त्रबाटै विरोध भएपछि कार्यान्वयन प्रक्रिया सुस्त बन्न पुग्यो । यसपछि कार्यान्वयनलाई सहज बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लक्ष्मीकुमार विकको संयोजकत्वमा 'कार्यान्वयन तथा सहजीकरण समिति' गठन गरियो । समितिले चरणबद्ध रूपमा काम अघि बढाउने योजना बनाए पनि हालसम्म पहिलो चरणबाहेक अन्य काम अघि बढ्न सकेका छैनन् । पहिलो चरणमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय खारेज गरी मुख्यमन्त्री कार्यालयमा गाभिएको थियो । विज्ञ समितिले प्रदेशका आठ मन्त्रालयलाई घटाएर ६ मा सीमित गर्न सुझाव दिएको थियो । सोहीअनुसार जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा गाभ्ने प्रस्ताव गरिएको थियो । तर राजनीतिक सहमति नजुट्दा उक्त सुझाव कार्यान्वयन हुन सकेको छैन । बरू जलस्रोत मन्त्रालय यथावत् राखिएको छ भने आन्तरिक मामिला तथा कानुन मन्त्रालय मात्रै हटाइएको छ ।

एउटै मन्त्रालय हटाएर बाँकी संरचना यथावत् राख्नु सुधारको नाममा आंशिक र प्रतीकात्मक कदम मात्र हो । यो अवस्था नयाँ होइन । कर्णाली प्रदेशमा मन्त्रालय संरचना पटक-पटक फेरबदल हुनु, गठबन्धनअनुसार निर्णय बदलिनु र दीर्घकालीन दृष्टिकोणको अभाव रहनुले प्रशासनिक स्थायित्व कमजोर बनाएको छ । यसले न केवल खर्च बढाएको छ, तर जनतामा सरकारप्रति विश्वाससमेत घटाएको छ । सरकारले पुनर्संरचना कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोऱ्याउनु सकारात्मक संकेत भए पनि व्यवहारमा त्यसको झल्को देखिनु आवश्यक छ । राजनीतिक इच्छाशक्ति, स्पष्ट कार्ययोजना र सरोकारवालाबीच समन्वय बिना यस्ता प्रतिवेदनहरू कागजमै सीमित रहने खतरा रहन्छ । किनकी यदी कार्यान्वयन गर्ने मनसाय नै कमजोर छ भने यस्ता अध्ययनमा सार्वजनिक धन किन खर्च गर्ने ? अब सरकार गम्भीर भएर निर्णय लिनुपर्ने समय आएको छ । नत्र प्रतिवेदन बनाउने र थन्क्याउने परम्पराले प्रशासनिक सुधारको मार्गलाई अझै ओझेलमा पार्ने निश्चित छ ।

कक्षा ५ सम्मको परीक्षा हटाउनुभन्दा वैज्ञानिक मूल्याङ्कन विधि लागू गरौँ



डा. जीवराज आचार्य

> "परम्परागत परीक्षा प्रणाली विशेषगरी प्रारम्भिक तहका बालबालिकाका लागि सिकाइको साधनभन्दा मानसिक दबाबको स्रोत बन्दै गएको देखिन्छ । औपचारिक परीक्षा र अंक केन्द्रित मूल्यांकनले उनीहरूको स्वाभाविक सिकाइ प्रक्रियामा बाधा पुऱ्याउँछ ।"

नेपालको विद्यालय शिक्षा प्रणाली महत्त्वपूर्ण मोडमा उभिएको छ । नवगठित सरकारले 'शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची' सार्वजनिक गर्दै आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्म लिइँदै आएको आन्तरिक परीक्षा प्रणाली पूर्ण रूपमा बन्द गर्ने सार्वजनिक गरेसँगै शिक्षा क्षेत्रमा व्यापक बहस सुरु भएको छ ।

कतिपयले यसलाई विद्यार्थीमैत्री प्रगतिशील कदम भनेका छन् त कतिपयले यसले शैक्षिक गुणस्तर घटाउने भन्दै चिन्ता व्यक्त गरेका छन् । तर मूल प्रश्न के हो भने- के परीक्षा प्रणाली खारेज गर्नु समाधान हो ? वा मूल्याङ्कन प्रणालीलाई पुनर्संरचना गरेर थप वैज्ञानिक बनाउनुपर्ने हो ?

परीक्षा लिने प्रणाली हटाउनु समाधान होइन, बरु मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक, मनोवैज्ञानिक ढङ्गले पुनर्संरचना गर्नु नै प्रभावकारी समाधान हो । किनभने परम्परागत परीक्षा प्रणालीले बालबालिकामा डर, तनाव र कण्ठस्थ सिकाइको प्रवृत्ति बढाउने गरेको भए पनि त्यसलाई पूर्ण रूपमा हटाएर त्यसको विकल्प प्रस्तुत गरिएन भने सिकाइको गुणस्तर झन् कमजोर हुन सक्छ ।

फर्मेटिभ एसेसमेन्टको सिद्धान्तअनुसार मूल्याङ्कनलाई सिकाइ सुधार गर्ने उपकरणका रूपमा प्रयोग गर्ने गरिन्छ । यसले विद्यार्थीलाई डरमुक्त वातावरणमा निरन्तर सिक्न, गल्तीबाट सिकेर अघि बढ्न आत्मविश्वास दिन्छ ।

परीक्षा प्रणालीको मनोवैज्ञानिक प्रभाव

परम्परागत परीक्षा प्रणाली विशेषगरी प्रारम्भिक तहका बालबालिकाका लागि सिकाइको साधनभन्दा मानसिक दबाबको स्रोत बन्दै गएको देखिन्छ । यस्तो प्रणालीले विद्यार्थीलाई निरन्तर जाँचिने, तुलना गरिने र मूल्याङ्कन गरिने अवस्थामार्फत 'गल्ती गर्न नहुने' मनोवृत्ति विकास गराउँछ । यसका कारण उनीहरूमा डर, असुरक्षा र असफलताको त्रास बढ्न थाल्छ ।

शिक्षा मनोविद् जिन पियाजेका अनुसार बालबालिकाले आफ्नो विकासको प्रारम्भिक चरणमा अनुभव, खेल र अन्वेषणमार्फत सिक्ने भएकाले उनीहरूलाई औपचारिक परीक्षा र अङ्ककेन्द्रित मूल्याङ्कनले स्वाभाविक सिकाइ प्रक्रियामा बाधा पुऱ्याउँछ ।

त्यसैले कक्षा १ देखि ५ सम्मका बालबालिकालाई कागजकलममा आधारित परीक्षाभन्दा पनि अनुभवजन्य सिकाइ आवश्यक हुन्छ । यस उमेर समूहका विद्यार्थीहरू मुख्यतः प्रत्यक्ष अनुभव, खेल, अवलोकन र अन्तरक्रियाबाट सिक्ने चरणमा हुन्छन् । शिक्षा मनोविद् पियाजेका अनुसार बालबालिकाले 'कंक्रिट अपरेसनल' (मूर्त सञ्चालन) चरणमा वास्तविक वस्तु, गतिविधि र अनुभवमार्फत बुझाइ निर्माण गर्छन् ।

सरकारले पनि यही अवधारणालाई पछ्याउँदै पक्कै पनि साना नानीबाबुहरूको लिखित परीक्षाभन्दा उनीहरूको अनुभवजन्य परीक्षा लिनुपर्छ भनेर सोचेको हुनुपर्छ । तथापि हामीले हालसम्म प्रयोग गरेको विधिमा एकैपटक फेरबदल ल्याउँदा त्यसले विद्यार्थीको शैक्षिक गुणस्तरलाई प्रभावित पारिरहेको हुन्छ ।

मूल्याङ्कन : सिकाइसँगै चल्ने प्रक्रिया

मूल्याङ्कनलाई विद्यार्थीको सिकाइको कुनै एक निश्चित समयमा लिइने परीक्षामार्फत मात्र मापन गर्ने होइन । यो दैनिक कक्षा गतिविधि, व्यवहार, सहभागिता, प्रयास र प्रगतिको आधारमा निरन्तर रूपमा अवलोकन, विश्लेषण र सुधार गर्ने प्रक्रिया हो ।

यसले सिकाइलाई बोझ नभई जीवन व्यवहारका रूपमा बुझ्छ । यस अवधारणामा शिक्षकले विद्यार्थीलाई अन्तिम नतिजाबाट मात्र होइन, उसले सिक्ने क्रममा देखाएको जिज्ञासा, सोधेका प्रश्न, गरेको प्रयास, गल्ती र त्यसबाट सिक्ने क्षमताका आधारमा मूल्याङ्कन गर्ने हो । मूल्याङ्कनलाई डर र दबाबको माध्यमबाट हटाएर सहयोग र मार्गदर्शनको उपकरणमा रूपान्तरण गर्छ ।

विश्वका सफल शिक्षा प्रणालीहरूले धेरै अघि नै परीक्षाकेन्द्रित दृष्टिकोणबाट सिकाइकेन्द्रित मूल्याङ्कनतर्फ फड्को मारिसकेका छन् । विद्यार्थीको मूल्याङ्कन केवल अङ्क र नतिजामा सीमित नरही उसको समग्र विकास, बुझाइ, सीप र व्यवहारमा आधारित हुन्छ । उदाहरणका लागि फिनल्यान्डमा प्रारम्भिक कक्षाहरूमा कुनै उच्च दबाबयुक्त औपचारिक परीक्षा हुँदैन, बरु शिक्षकले दैनिक कक्षा गतिविधि, अवलोकन र अन्तरक्रियामार्फत विद्यार्थीको प्रगति मूल्याङ्कन गर्छन् ।

यसले सिकाइलाई सहज र तनावमुक्त बनाउँछ । त्यस्तै सिङ्गापुरले दक्षतामा आधारित मूल्याङ्कन प्रणाली अपनाएको छ, जहाँ विद्यार्थीले सिकेको ज्ञानलाई व्यवहारमा कसरी प्रयोग गर्न सक्छन् भन्ने कुरामा विशेष जोड दिइन्छ ।

क्यानडामा भने मूल्याङ्कनलाई सिकाइ सुधारको उपकरणका रूपमा लिइन्छ । शिक्षकले निरन्तर प्रतिक्रिया, परियोजना कार्य र पोर्टफोलियोमार्फत विद्यार्थीको प्रगति ट्र्याक गर्छन्, जसले विद्यार्थीलाई आफ्नै सिकाइप्रति जिम्मेवार बनाउँछ । यी सबै उदाहरणहरूले स्पष्ट देखाउँछन् कि प्रभावकारी शिक्षा प्रणालीहरूमा परीक्षा अन्तिम लक्ष्य होइन, बरु सिकाइलाई गहिरो, अर्थपूर्ण र जीवनोपयोगी बनाउने माध्यम हो ।

नेपालको नीति र व्यवहार

नेपालमा कक्षा ५ सम्म परम्परागत परीक्षा हटाउने प्रयास शिक्षा प्रणालीलाई बालमैत्री र आधुनिक बनाउने सकारात्मक सङ्केत हो । तर व्यवहारमा यसको प्रभावकारिता नीति र कार्यान्वयनबीचको दूरीका कारण सीमित हुने जोखिम देखिन्छ । कागजमा तयार गरिएका अवधारणाहरू विद्यालय तहमा समान रूपमा लागू हुन नसक्दा अपेक्षित परिणाम नआउन सक्छ । उदाहरणका लागि धेरै विद्यालयहरूमा निरन्तर मूल्याङ्कनको अवधारणा स्वीकार गरिए पनि त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट मापदण्ड, उपकरण र प्रशिक्षित मानवस्रोतको अभाव छ । यस्तोमा शिक्षकहरूले व्यक्तिगत अनुभव र अनुमानका आधारमा मूल्याङ्कन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यसले निष्पक्षता र विश्वसनीयतामा प्रश्न उठाउँछ । यसका साथै अभिभावकहरू अझै पनि अङ्क र श्रेणीलाई नै सिकाइको प्रमुख सूचक मान्ने परम्परागत सोचबाट बाहिर निस्किएका छैनन् ।

तर यसको ठाउँमा वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गरेमा मूल्याङ्कन प्रक्रियालाई स्पष्ट मापदण्ड, प्रमाण, निरन्तर अवलोकन र सुधार मुखी दृष्टिकोणबाट अघि बढाउन सकिन्छ । यसले विद्यार्थीको सिकाइलाई वस्तुनिष्ठ, निष्पक्ष र विश्वसनीय रूपमा मापन गर्न सक्छ । यससँगै मूल्याङ्कनलाई बहुआयामिक बनाउनु जरुरी छ । विद्यार्थीको ज्ञान मात्र होइन, उसको सोच्ने क्षमता, समस्या समाधान गर्ने सीप, व्यवहार, सहकार्य र सिर्जनात्मकतासमेत समेटिन्छ ।

वास्तविक सिकाइ केवल पाठ्यपुस्तकको जानकारीमा सीमित हुँदैन । वैज्ञानिक प्रणालीको अर्को महत्त्वपूर्ण पक्ष भनेको प्रमाणमा आधारित मूल्याङ्कन हो । यसका लागि विद्यार्थीको पोर्टफोलियो, परियोजना कार्य, कक्षा गतिविधि, मौखिक प्रस्तुति र दैनिक कार्यसम्पादनलाई अभिलेख राखिन्छ । यही प्रक्रियाले सिकाइलाई निरन्तर र प्रभावकारी बनाउँछ ।

अब के गर्ने ?

कक्षा ५ सम्म परीक्षा हटाउने नीतिलाई प्रभावकारी बनाउन सबैभन्दा महत्त्वपूर्ण कुरा स्पष्ट, वैज्ञानिक र कार्यान्वयनयोग्य मूल्याङ्कन प्रणाली निर्माण गर्नु हो । जसका लागि सरकार, विद्यालय र शिक्षक-तीनै तहमा समन्वित र जिम्मेवार पहल आवश्यक हुन्छ । सर्वप्रथम, सरकारका तर्फबाट राष्ट्रिय स्तरको एकीकृत मूल्याङ्कन ढाँचा विकास गरिनु आवश्यक छ ।


यसले कक्षा १-५ सम्म के-कस्ता सिकाइ उपलब्धि अपेक्षित छन्, तिनीहरूलाई कसरी मापन गर्ने र कुन मापदण्ड प्रयोग गर्ने भन्ने स्पष्ट दिशा दिन्छ । साथै निरन्तर मूल्याङ्कनलाई व्यवहारमा लागू गर्न शिक्षकका लागि अनिवार्य तालिम, नियमित पुनर्ताजगी कार्यक्रम र प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्नुपर्छ ।

विद्यालय स्तरमा मूल्याङ्कनलाई पारदर्शी, प्रमाणमा आधारित र व्यवस्थित बनाउन स्पष्ट कार्यतालिका तयार गर्ने; विद्यार्थीको पोर्टफोलियो र प्रगति अभिलेख राख्ने, डिजिटल प्रणालीमार्फत डेटा व्यवस्थापन गर्ने र अभिभावकलाई नियमित रूपमा गुणात्मक प्रतिवेदन उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । यसले मूल्याङ्कनप्रति विश्वास र उत्तरदायित्व बढाउँछ ।

शिक्षकका लागि भने मूल्याङ्कनलाई निष्पक्ष, अवलोकनमा आधारित र सुधारमुखी बनाउने सीप विकास गर्नु अनिवार्य छ । जसअन्तर्गत उनीहरूले विद्यार्थीलाई निरन्तर र स्पष्ट प्रतिक्रिया दिनु, व्यक्तिगत भिन्नतालाई सम्मान गर्नु र सिकाइलाई केन्द्रमा राखेर शिक्षण विधि अनुकूलन गर्नु आवश्यक हुन्छ ।

(आचार्य चैतन्य पाठशाला राप्तीका प्रबन्ध निर्देशक हुन् ।)

'सच्चिने कि सकिने' भन्ने दोसाँधमा कम्युनिस्ट आन्दोलन



अर्जुन पन्त

इतिहासको एउटा निर्मम सत्य के हो भने जसले एकपटक क्रान्ति गर्छ त्यही नेतृत्वले दोस्रोपटक क्रान्ति गरेको इतिहास विश्वमा विरलै छ । नेपालको सन्दर्भमा नेकपा माओवादीले १० वर्ष जनयुद्ध गऱ्यो, त्यसकै जगमा मुलुकमा गणतन्त्र र संघीयता आयो ।

तर, परिवर्तन संस्थागत गर्ने क्रममा नेतृत्वले समयको पदचापलाई ठम्याउन सकेन । आज कम्युनिस्ट आन्दोलन जुन रक्षात्मक अवस्थामा पुगेको छ यसको मुख्य कारण विचारको खडेरी र नेतृत्वको उत्तराधिकारी विहीन मोह नै हो ।

सत्ताको चास्नी र चुकेको अवसर

क्रान्तिबाट आएको नेतृत्वले समयमै दोस्रो र तेस्रो पुस्ता तयार पार्नुपर्थ्यो । तर, अध्यक्ष प्रचण्डमा नेतृत्व गुम्ने त्रास यति कडा देखियो कि उनले नयाँ पंक्तिलाई अघि सार्नुको साटो आफ्नै वरिपरि शक्ति केन्द्रित गरे । संविधान निर्माण पश्चात् हिजो जुन बेथिति विरुद्ध लडिएको थियो, आज नेतृत्व तिनै पुराना शक्तिहरूसँग 'घाँटी जोड्न' पुग्यो । सत्ता र शक्तिको चास्नीमा डुब्दा हिजोका क्रान्तिकारीहरू आज समाजमा व्याप्त भ्रष्टाचार र बेथितिका साक्षी मात्र बनेका छैनन्, कतिपय अवस्थामा हिस्सेदार समेत देखिएका छन् ।

जनआक्रोश र विकल्पको उदय

जनताले हिजो माओवादी र एमालेलाई विश्वास गरेर झन्डै दुई तिहाइको मत दिएकै हुन् । तर, जनअपेक्षा पूरा हुनुको साटो पार्टीहरू गुटबन्दी र कुर्सीको खेलमा रुमल्लिए । यही रिक्तता र निराशाको परिणाम हो–आजको रास्वपा जस्ता नयाँ शक्तिहरूको उदय । रास्वपा कति स्थायी रहला, त्यो उसको कर्मले देखाउला, तर यसले एउटा स्पष्ट सन्देश दिएको छ- नेपाली जनता अब पुराना र थाकेका अनुहारबाट डेलिभरी चाहँदैनन् । माओवादीलाई जनताले जुन स्तरमा किनारा लगाउँदै लगेका छन्, यसले पार्टीको अस्तित्व नै संकटमा रहेको संकेत गर्छ ।

अबको बाटो: आम शुद्धीकरण र रूपान्तरण

यदि अझै पनि प्रचण्ड र अन्य कम्युनिस्ट नेताहरूलाई पार्टी ब्युँताउन सकिन्छ भन्ने लाग्छ भने अब 'कस्मेटिक' सुधारले पुग्दैन । सर्जिकल' अपरेसन नै आवश्यक छ ।

प्रचण्डले अब सक्रिय कार्यकारी पद त्यागेर 'अभिभावकीय' भूमिकामा बस्ने आँट गर्नुपर्छ । युवा पुस्तालाई नीति निर्माण र नेतृत्वको बागडोर सुम्पिनु नै पार्टी बचाउने पहिलो सर्त हो । यसैगरी हिजोका शास्त्रीय व्याख्याले आजको 'डिजिटल' र 'ग्लोबल' पुस्तालाई छुन सक्दैन । मजदुर र किसानका कुरा गर्दा अब मध्यम वर्ग र राष्ट्रिय पुँजीपतिहरूलाई पनि समेट्ने गरी विचारलाई परिमार्जित गर्नुपर्छ । विज्ञान र प्रविधिको फड्कोलाई अङ्गीकार गर्दै उत्पादनसँग जोडिने मोडेल ल्याउनु पर्छ ।


यसैगरी साना-साना 'सटर' खोलेर बसेका कम्युनिस्ट घटकहरूलाई एउटै केन्द्रमा ल्याउनु पर्छ । अबको पाँच वर्ष सत्ताको खेलमा नलागी केवल जनताको एजेन्डा बोकेर सडक र सदनमा सशक्त प्रतिपक्षको भूमिका खेल्ने प्रण गर्नुपर्छ ।

निष्कर्ष

नेपाली समाजमा कम्युनिस्टहरूको सान्दर्भिकता अझै मरेको छैन, तर उनीहरूले बोक्ने 'शैली' र 'अनुहार' मरिसकेको छ । एमाले र माओवादीले लिएका कतिपय नीतिलाई जनताले पटक-पटक बहिष्कार गरिसकेका छन् ।

अब उनीहरूको हातमा जम्मा दुईवटा विकल्प बाँकी छ- एउटा सच्चिएर फेरि जनताको मन जित्ने, अर्को 'सकिए' इतिहासको पानामा सीमित हुने । नेतृत्वले बेलैमा विवेक पुऱ्याओस्, नत्र इतिहासले कसैलाई माफी दिने छैन । यो अन्तिम घडी पनि हो ।

बलात्कारमा 'पीडित'को मौनता : बढेको हो न्यायप्रतिको अविश्वास ?



शशी बस्नेत

अमेरिका बस्ने एक युवतीले अभिनेता तथा चर्चित हास्य कलाकार सागर लम्साल 'बले' ले बलात्कार गरेको आरोप लगाइन् । सामाजिक सञ्जालमा उनले एक वर्षअगाडि आफूमाथि बलात्कार गरेको बताएकी हुन् । बलात्कृत भएपछि आफू पूर्ण रूपमा टुटेको र परिवारको इज्जतका कारण लामो समयसम्म केही भन्न नसकेको बताएकी छिन् ।

अहिले हिम्मत जुटाएर सत्य ओकलेको बताउँदै उनले दोषीले कानूनी र सामाजिक सजाय पाउनुपर्ने माग गरेकी छिन् । सञ्जालमा भइरहेको चर्चासँगै सागर शनिबार कपनको बालुवाखानीस्थित आफ्नै घरबाट पक्राउ परे । तर उनलाई बलात्कार कसुर बमोजिम नभई सार्वजनिक शान्तिमा खलल पुऱ्याएको महलमा काठमाडौं जिल्ला परिसरले हिरासतमा राखेको छ ।

यस घटनासँगै सञ्जालमा एक वर्षअगाडि बलात्कार भएको बल्ल थाहा भयो ? उतिबेला सहमतिमा भएको सम्बन्ध आज बार्गेनिङ नमिलेर बाहिर ल्याइएको हो ? केटीले किन आफ्नो अपार्टमेन्ट देखाउन लगेको ? बलात्कार भएको हो भने घटनालगत्तै किन नबोलेको ? जस्ता प्रश्न पीडितलाई गरिएको छ ।

पहिले पनि पीडितले निकै ढिला गरेर आफूमाथि भएको अन्यायका बारेमा बोले । त्यतिबेला पनि यही प्रश्न गरियो । बलात्कार गरेको बल्ल थाहा भयो ? आखिर किन पीडितले घटना घटेकै समयमा बलात्कारका बारेमा बोल्दैनन् ? उनीहरूलाई कुन कुराले रोकेको हुन्छ ? के साँच्चै सहमतिमा भएको सम्बन्ध कुरा नमिलेपछि बलात्कारमा परिणत हुने हो ? आज हामी यसै प्रसंगमा रहनेछौं ।

जबरजस्ती करणीको उजुर किन ढिलो आउँछ भन्ने प्रश्नको उत्तर केवल कानूनी प्रक्रियामा सीमित छैन । यो पीडितको मनोविज्ञान, पारिवारिक दबाब र सामाजिक संरचनासँग गहिरो रूपमा जोडिएको छ । कतिपय अवस्थामा पीडित पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर (पीटीएसडी) जस्ता मानसिक अवस्थाबाट गुज्रिरहेका हुन्छन् । जसले उनीहरूलाई लामो समयसम्म मौन रहन बाध्य बनाउँछ ।

उजुरी ढिलो हुनुको कारणलाई केवल कानूनी प्रक्रियाको दृष्टिले मात्र हेर्नु पर्याप्त हुँदैन । यसलाई समाजको संरचना, विद्यमान विभेद, पीडितको भोगाइ तथा समाजको समग्र दृष्टिकोणको सूक्ष्म अध्ययनमार्फत बुझ्न आवश्यक हुन्छ ।

पीडितको दृष्टिकोण

कतिपय व्यक्तिले जबरजस्ती करणीलाई केवल शारीरिक हिंसा वा सामान्य शारीरिक चोटका रूपमा बुझ्छन् । तर यो वास्तवमा आत्मसम्मान, पहिचान र सुरक्षामाथिको गहिरो आक्रमण हो । धेरै पीडितघटनापछि 'म बोल्दा कसैले विश्वास गर्छ कि गर्दैन ?' भन्ने डरमा बाँचिरहेका हुन्छन् । मानसिक आघात, लज्जा, आत्मदोष र समाजले लगाउने आरोपको त्रासले उनीहरूलाई मौन बनाउँछ ।

कतिपय अवस्थामा त पीडितले घटनालाई स्वीकार गर्न वा शब्दमा व्यक्त गर्न वर्षौंसम्म समय लाग्न सक्छ । किनकि उनीहरू त्यस घटनाबाट मानसिक रूपमा मुक्त हुन सकेका हुँदैनन् । यस्तो घटनापछि पीडित गहिरो मानसिक आघातमा हुन्छन् । त्यसकारण पनि घटनालाई स्वीकार गर्न तथा त्यसबाट बाहिर निस्कन समय लाग्छ । अपराधीले ज्यान मार्ने वा भिडियो र फोटो सार्वजनिक गरिदिने धम्की दिएको हुनसक्छ ।

जसले गर्दा पीडित बोल्न डराउँछन् । धेरैजसो घटनामा अपराधी परिवारकै सदस्य, आफन्त, छिमेकी वा भरोसा गरेको व्यक्ति हुन्छ । नेपाली समाजमा अझै पनि 'इज्जत' लाई महिलाको शरीरसँग जोडेर हेर्ने प्रवृत्ति छ ।

जेनजी रूबीकुमारी उपसभामुख बन्ने पक्का

कन्सल्टेन्सीमा सामान्य जागीर खाँदाखाँदै देशकै कान्छी सांसद बनेकी रुबीकुमारी अब कान्छी उपसभामुख बन्दै



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २६ चैत

श्रम-संस्कृति पार्टीकी समानुपातिक सांसद रुबीकुमारी ठाकुर उपसभामुख बन्ने पक्का भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समर्थन गर्ने घोषणा गरेसँगै ठाकुरको भाग्य खुलेको हो।

रुबीकुमारी नेपालकै कम उमेरकी उपसभामुख बन्ने छिन्। उनी मात्र २५ वर्षकी भइन्।

जेनजी आन्दोलनको बलमा भएको चुनावले उपसभामुख पदमा जेनजी युवतीलाई स्थापित गर्ने भएको छ।

उनी अहिलेको संसदकै कान्छी सदस्य पनि हुन्। श्रम संस्कृति पार्टीले उनलाई मधेसी महिला कोटामा समानुपातिकको बन्दसूचीमा राखेको थियो।

धनुषाको सामान्य परिवारमा जन्मिएकी रुबीकुमारीसँग कुनै पनि राजनीतिक पृष्ठभूमि थिएन। उनको काँधमा ४ बहिनी र २ भाइको जिम्मेवारी थियो।

रुबीका बाबु सोगराथ ठाकुर अहिले पनि वैदेशिक रोजगारीका लागि साउदीअरबमा छन्। आमा रेणु गृहणी हुन्।

दुई विघा जमिन अधियाँमा लिएर गरेको खेति र बुवाले पठाउने रेमिट्यान्सबाट रुबीको परिवार चलेको छ।

रुबीले २०७४ सालमा एसईई उत्तिर्ण गरेपश्चात धनुषाकै बलरा पोलिटेक्निकबाट ३ वर्षे डिप्लोमा (इन्जिनियरिङ) अध्ययन पूरा गरेकी छन्। सांसद बन्नुअघिसम्म उनी वस्तु आर्किटेक्चर कन्सल्टेन्सीमा काम गर्थिन् र मासिक २० हजारजति कमाउँथिन्।

चुनावी अभियानका क्रममा हर्क साम्पाङ धनुषा पुग्दा पहिलो पटक रुबीले उनलाई भेटेकी थिइन्। साम्पाङबाट प्रभावित बनेर उनी श्रम संस्कृति पार्टीको चुनाव प्रचारप्रसारमा हिँड्न थालिन्।

त्यसै वापत पार्टीले उनलाई मधेसी महिला क्लस्टरबाट समानुपातिकमा सिफारिस गरेको थियो।

पालिकाको बजेटमा आठ करोडभन्दा बढीले वृद्धि



❐ काँक्रेविहार संवाददाता
हुम्ला, २६ चैत

चालु आर्थिक वर्षमा हुम्लाको सदरमुकाम रहेको सिमकोट गाउँपालिकाको वार्षिक बजेट आठ करोडभन्दा बढीले वृद्धि भएको छ। विभिन्न चार कार्यक्रमअन्तर्गत थप बजेट निकासा भएपछि गाउँपालिकाको कुल बजेट बढेको हो।

गाउँपालिका अध्यक्ष विजय भण्डारीका अनुसार हिउँदे तथा वर्षे गाउँसभासम्म आइपुग्दा ८ करोड ५२ लाख ५८ हजार रुपैयाँ बजेट वृद्धि भएको छ। यसअघि गत असार १० गते सम्पन्न एघारौं गाउँसभाले ६१ करोड १२ लाख ९ सय २४ रुपैयाँको बजेट पारित गरेको थियो। पछि थपिएको बजेटसहित बाह्रौं हिउँदे गाउँसभाले कुल ७० करोड ९९ लाख ८९ हजार ६३९ रुपैयाँको बजेट पारित गरेको छ। थपिएको बजेटमध्ये ७ करोड ९ लाख ८१ हजार रुपैयाँ सामाजिक सुरक्षा कार्यक्रममा विनियोजन गरिएको छ। यस्तै, गरिब घरपरिवार पहिचान कार्यक्रमका लागि ३ लाख ३१ हजार रुपैयाँ, शैक्षिक सुधार तथा भवन निर्माणका लागि ९७ लाख ५० हजार रुपैयाँ, र स्वास्थ्य पूर्वाधार विकासका लागि ३८ लाख रुपैयाँ छुट्याइएको छ। गाउँसभाले तीस वटा भौतिक पूर्वाधार योजना अनुमोदन गरेको छ। ती योजनामा भवन निर्माण, खानेपानी, सिँचाइ, सडक तथा अन्य चालु कार्यक्रमहरू समावेश छन्।

त्यसैगरी सभाबाट चार वटा कार्यविधि पारित भएका छन्। जसमा पोषणमैत्री स्थानीय तह वडा घोषणा कार्यविधि २०८२, सिमकोट पशुस्वास्थ्य शिविर सञ्चालन कार्यविधि २०८२, लोकसेवा कक्षा सञ्चालन कार्यविधि २०८२ लगायत रहेका छन्। साथै, जनप्रतिनिधि तथा कर्मचारी उपचार कल्याण कोष सञ्चालन कार्यविधिमा संशोधन गरिएको छ। लिप्स कार्यक्रमअन्तर्गत टेन्डर आह्वान पछि बाँकी रहेको बजेटबाट सात वटा नयाँ योजना पनि तर्जुमा गरी पारित गरिएको छ। ती योजनाका लागि एक करोड ४० लाख रुपैयाँ विनियोजन गरिएको गाउँपालिकाले जनाएको छ।

'लाइसेन्स' छपाइ तीव्र गतिमा, दिनमै छापिँदै छ ४० हजार

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २६ चैत

सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ तीव्र गतिमा जारी रहेको छ।

सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाका अनुसार हाल दैनिक करिब ४० हजार हाराहारी मा 'लाइसेन्स' छपाइ भइरहेको छ।

उनले 'लाइसेन्स' छपाइलाई उच्च प्राथमिकतामा राखिएको जानकारी दिँदै हालसम्म छपाइ हुन बाँकी रहेका करिब २९ लाख 'लाइसेन्स'लाई २०८३ साल असार मसान्तसम्म छापिसक्ने लक्ष्य राखिएको जानकारी दिए।

यसमध्ये आगामी वैशाख १२ गतेभित्र १२ लाख 'लाइसेन्स' छपाइ सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ भने बाँकी १७ लाख लाइसेन्स छपाइ प्रक्रिया पनि तीव्र रूपमा अघि बढाइएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रीले डा विक्रम तिमिल्सिनाले सुरक्षण मुद्रण केन्द्रलाई 'लाइसेन्स' छपाइमा अवरोध आउन नदिन तथा छिटोभन्दा छिटो सबै बाँकी 'लाइसेन्स' छाप्न निर्देशन दिएका छन्। मन्त्रालयले नतिजामुखी शासकीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले १० प्रमुख सुधारात्मक कार्यक्रम समेटिएको विस्तृत कार्ययोजनामा समेत यो विषयलाई प्राथमिकताका साथ राखेको छ।



मन्त्रिपरिषद्को यही चैत १३ गतेको निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित यो कार्ययोजना अघि बढाइएको हो।

यसैबीच, सेवाग्राहीलाई थप सहजताका लागि यातायात व्यवस्था विभागले दैनिक रूपमा छपाइ भएका तथा वितरण गरिने लाइसेन्सको विवरण आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्न थालेको छ। यसले सेवाग्राहीलाई आफ्नो लाइसेन्सको अवस्थाबारे सहज रूपमा जानकारी लिन सहयोग पुऱ्याउनेछ।

त्यस्तै, छपाइ सम्पन्न भएका लाइसेन्स हुलाक सेवामार्फत जतिसक्दो चाँडो देशभरका विभिन्न यातायात कार्यालयमा पठाइने व्यवस्था गरिएको छ। यसले वितरण प्रक्रियालाई समेत व्यवस्थित बनाएको छ। यही गतिमा काम अघि बढ्ने हो भने लामो समयदेखि थाँती रहेको लाइसेन्स वितरणको समस्या निकट भविष्यमै पूर्ण रूपमा समाधान हुने अपेक्षा गरिएको छ।

तीन दिने निःशुल्क जलन उपचार शिविर हुँदै

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २६ चैत

फेक्ट नेपाल र प्रदेश अस्पताल सुर्खेतको संयुक्त आयोजना तथा नबिल बैंकको सहकार्यमा चैत २७ गतेदेखि २९ गतेसम्म प्रदेश अस्पतालमा तीन दिने निःशुल्क जलन उपचार शिविर सञ्चालन हुने भएको छ।

शिविरमा कीर्तिपुर अस्पतालका वरिष्ठ प्लास्टिक सर्जनसहित विशेषज्ञ चिकित्सकहरूको टोलीले बिरामीहरूको परीक्षण तथा आवश्यक शल्यक्रिया गर्नेछ। शिविरका लागि बिरामी छनोट गर्ने कार्य चैत २३ गतेदेखि २६ गतेसम्म कर्णाली प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहहरूमा सम्पन्न गरिएको थियो।

छनोट भएका बिरामीहरूलाई अब तीन दिनसम्म विशेषज्ञ सेवामार्फत उपचार प्रदान गरिनेछ। कीर्तिपुर अस्पतालका कैलाश खाकी श्रेष्ठका अनुसार शिविरमा विशेषगरी आगोले पोलेर शरीरका अंग खुम्चिएका, छाला टाँसिएका वा चलायमानता गुमेका जटिल बिरामीहरूलाई प्राथमिकता दिइनेछ।

साथै ओठ तथा तालु चिरिएका (खुँडे) व्यक्तिहरू, पहिले शल्यक्रिया गर्दा पनि समस्या समाधान नभएका तथा गिजा र तालुमा प्वाल भएका बिरामीहरूलाई पनि उपचारको प्राथमिकता दिइनेछ।

आगलागीका कारण शरीरका अंग आपसमा टाँसिएका जटिल अवस्थाका बिरामीहरू पनि शिविरको प्राथमिकतामा रहनेछन्।

शिविरमा उपचार सम्भव नभएका अति जटिल बिरामीहरूलाई थप उपचारका लागि कीर्तिपुर अस्पतालमा रिफर गरिनेछ, जहाँ उनीहरूको निःशुल्क उपचारको व्यवस्था मिलाइने आयोजकले जनाएको छ।

शिविरलाई प्रभावकारी बनाउन चैत २३ देखि २६ गतेसम्म सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिम, कालीकोट र जुम्लाका १८ भन्दा बढी स्वास्थ्य संस्था र अस्पतालहरूमा स्क्रिनिङ क्याम्प सञ्चालन गरिएको थियो।

रुकुमको आठबिसकोटदेखि जुम्लाको सिंजा र सुर्खेतको पञ्चपुरीदेखि सिम्ता सम्मका ग्रामीण क्षेत्रबाट शल्यक्रिया आवश्यक पर्ने बिरामीहरू पहिचान गरिएको छ।

समयमै उपचार नपाउँदा कष्टकर जीवन बिताइरहेका विपन्न नागरिकका लागि यो शिविर ठूलो अवसर बन्ने अपेक्षा गरिएको छ।

सडक बन्यो, जोखिम कायमै

❐ काँक्रेविहार संवाददाता
बाजुरा, २६ चैत

मार्तडी-कोल्टी सडक निर्माण कार्य निकै सुस्त गतिमा अघि बढिरहेको छ। करिब ४२ किलोमिटर लामो यस सडक अझैसम्म पूर्ण रूपमा कालोपत्रे हुन नसक्दा स्थानीय तथा यात्रुहरू समस्यामा परेका छन्। सडक कालोपत्रे नहुँदा धनगढी, अत्तरिया, महेन्द्रनगर, नेपालगञ्ज र काठमाडौंबाट मार्तडी हुँदै कोल्टी पुग्ने सवारी साधनले जोखिमपूर्ण यात्रा गर्नुपरेको छ।

स्थानीयका अनुसार, ठेकेदार कम्पनीले कामको जिम्मा लिएको झण्डै सात वर्ष बितिसक्दा पनि सडक निर्माण अधुरै रहेको छ। सुदूरपश्चिम यातायातका बस चालक मदन कार्कीका अनुसार, सडकको खराब अवस्थाका कारण गाडी चलाउन निकै कठिन भइरहेको छ।

स्थानीयको आवश्यकताका कारण जोखिम मोलेरै गाडी चलाउन बाध्य छौं, उनले भने सडक सञ्चालनमा रहे पनि ठाउँ-ठाउँमा रहेका खाल्डाखुल्डीले दुर्घटनाको जोखिम बढाएको छ।

२०७८ असारभित्र काम सम्पन्न गर्ने लक्ष्यसहित २०७६ असारमा दुई निर्माण कम्पनी–धुलिखेल ग्वाल्भा श्याम एण्ड शङ्कर प्रालि, काठमाडौं र बाँनिया कोटेश्वर जे.बी. प्रालि, हेटौंडाले निर्माणको जिम्मा लिएका थिए। मार्तडी बसपार्कदेखि चुथीसम्मको करिब ९ किलोमिटर सडक २३ करोड रुपैयाँमा कालोपत्रे गरिएको छ। तर चुथीदेखि ढम्कने हुँदै कोल्टीसम्मको झण्डै ३१ किलोमिटर सडक अझै अधुरै छ।

यस खण्डको निर्माणका लागि ६२ करोड रुपैयाँको ठेक्का दिइएको थियो। ठेकेदारको ढिलासुस्तीका कारण यात्रुहरूले हिउँद र बर्खा दुवै मौसममा सास्ती खेप्दै आएका छन्।


मानवअधिकार समन्वय समिति गठन गर्ने निर्णय

❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २६ चैत

मानव अधिकार जिल्ला समन्वय समिति बाँकेले जिल्लाभरिका सबै स्थानीय तहमा मानवअधिकार स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरेको छ। यसका लागि सम्बन्धित सबै पालिकामा पत्राचार गर्ने तयारी समेत गरिएको समितिका प्रमुख ज्ञानेन्द्र कुमार चौधरीले जानकारी दिए। जिल्लाको समग्र मानवअधिकार अवस्थाबारे समीक्षा गर्दै यस्तो निर्णय गरिएको हो। बैठकमा मानवअधिकार संरक्षण र प्रवर्द्धनका विषयमा विभिन्न सरोकारवालाबीच विस्तृत छलफल भएको थियो।

कार्यक्रम मधेश मानव अधिकार गृह (माहुरी होम), कपिलवस्तुको सहकार्य र पीबीआईको सहयोगमा सम्पन्न भएको हो। कार्यक्रममा संयोजक रिखिराम निगमले माहुरी होम तथा पीबीआई परियोजनाले गरिरहेका गतिविधि, वर्तमान मानवअधिकार अवस्था र चुनौतीबारे प्रस्तुति दिएका थिए। माहुरी होमले मानवअधिकार, लैङ्गिक समानता, सामाजिक न्याय तथा सिमान्तकृत समुदायको सशक्तिकरणमा निरन्तर काम गर्दै आएको पनि उनले उल्लेख गरे।

त्यस अवसरमा माहुरी होमका केन्द्रीय अध्यक्ष राम दयाल ठाकुरले मधेशी, दलित, महिला, मुस्लिम तथा अन्य अल्पसंख्यक समुदायका अधिकार संरक्षण र प्रवर्द्धनमा काम भइरहेको जानकारी दिँदै यसमा स्थानीय सरकार र जनप्रतिनिधिको सहयोग आवश्यक रहेको बताए। बैठकमा सल्लाहकार दिनेश चन्द त्रिपाठी, सदस्य सीता चौधरी लगायतको उपस्थिति रहेको थियो। साथै, पीबीआई नेपालको सहयोगमा बाँके, दाङ र कपिलवस्तुमा सञ्चालन भइरहेको संरक्षण परियोजनाबारे माहुरी होमका बाँके जिल्ला अध्यक्ष तथा सामाजिक परिचालक दिनेश ठाकुरले जानकारी दिए। उनका अनुसार, उक्त परियोजना विशेष गरी अल्पसंख्यक तथा सिमान्तकृत समुदायको पहिचान र सामाजिक न्याय सुनिश्चित गर्ने विषयमा केन्द्रित रहेको छ।



वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?
- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालले निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?
- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालले निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

विद्युतीय सुरक्षा दिवसका अवसरमा प्रभातफेरी

काँक्रेविहार संवाददाता
डोल्पा, २६ चैत

हिमाली जिल्ला डोल्पामा ३० औं विद्युतीय सुरक्षा दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम आयोजना गरिएको छ। नेपाल विद्युत प्राधिकरण डोल्पा वितरण केन्द्रको आयोजनामा 'विद्युतीय खतराबाट बचौं र बचाऔं' भन्ने नारासहित बिहीबार बिहान सदरमुकाम दुनैमा कार्यक्रम सम्पन्न गरिएको हो।

वितरण केन्द्रका सूचना अधिकारी ध्रुव विकका अनुसार प्रभातफेरी कार्यक्रममा विद्युतको सुरक्षित प्रयोगसम्बन्धी सन्देश बोकेका प्लेकार्ड र नारासहित कर्मचारी तथा जिल्लाका विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी भएका थिए। कार्यालय परिसरबाट सुरु भएको प्रभातफेरी बजार परिक्रमा गर्दै पुनः कार्यालयमै पुगेर समापन गरिएको थियो। नेपाल विद्युत प्राधिकरणले हरेक वर्ष चैत २६ गते विद्युतीय सुरक्षा दिवस मनाउँदै आएको छ।

विद्युतीय दुर्घटना न्यूनीकरण, सुरक्षित विद्युत सेवा प्रवाह, गुणस्तरीय सामग्रीको प्रयोग, किफायती उपभोग तथा चुहावट नियन्त्रणका विषयमा उपभोक्तालाई सचेत गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको वितरण केन्द्रले जनाएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१२४४७२४ मा सम्पर्क गर्नुहोला।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी दलबहादुर सिंह धनी रहेको, दर्ता नम्बर ४५९३ बाट वीरेन्द्रनगर-८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको देउती रेष्टुरण्ट नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

सुधारात्मक कृषि उत्पादन वृद्धिमा प्रदेश सरकारको जोड

काँक्रेविहार संवाददाता
बुटवल, २६ चैत

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सिँचाइ व्यवस्थापन र कृषि उत्पादनबीचको सम्बन्धलाई अझ प्रभावकारी बनाउने दिशामा सरकारले ध्यान दिने बताउनुभएको छ।



सिँचाइ दिवसको अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयद्वारा आयोजित कार्यक्रममा मुख्यमन्त्री आचार्यले जलवायु परिवर्तनका कारण नदी-खोला सुकेको र जमिन सुक्खा हुँदै गएको गम्भीर चुनौतीको रूपमा देखिएको उल्लेख गरे। उत्पादनशील जमिन खण्डहर हुन नदिन समयमै बहस, योजना र ठोस कदम आवश्यक रहेको उनको भनाइ थियो।

जलाशय निर्माण गरेर पानी संरक्षण गर्न आवश्यक छ। भूमिगत पानी घट्दो छ, हामी संवेदनशील नभए जमिन खण्डहर हुनेछ उनले बताए। मुख्यमन्त्री आचार्यले सिँचाइ सुविधा पुगेका क्षेत्रमै पनि बाँझो जमिन रहन नदिइ, किसानलाई उत्पादनमा जोड दिने प्रतिबद्धता व्यक्त गरे।

प्रदेश स्थापना हुँदा १२ महिना सिँचाइ सुविधा पाएका जमिन २० प्रतिशत मात्र रहेकोमा हाल ३५ प्रतिशत पुगेको उनले जानकारी दिए।

साथै, जलाशय, ड्याम निर्माण र चुरे क्षेत्रमा पानी संरक्षणका उपाय आवश्यक रहेको औंल्याए कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले बाह्रै महिना सिँचाइ हुने क्षेत्र विस्तारमा प्रदेश सरकार ध्यान दिइरहेको बताए। पूर्वमुख्यमन्त्री जोखबहादुर महरालेसिँचाइ क्षेत्रलाई कृषि विकासको आधारमा प्राथमिकता दिनुपर्ने र पूर्वसिँचाइमन्त्री वीरबहादुर रानाले उत्पादनमा आत्मनिर्भर बन्ने वातावरण तयार भएको उल्लेख गरे।

प्रदेश योजना आयोगका सदस्य शान्तादेवी ढकालले सिँचाइ पूर्वाधार सुदृढीकरणमा जोड दिनुपर्ने र प्रगन्ना कुलो सिँचाइ प्रणाली जल उपभोक्ता संस्था सचिव भीमलाल चौधरीले कृषि क्षेत्रको विकासका लागि सरकारको ध्यान आवश्यक रहेको बताए। मन्त्रालयका सचिव चूर्णबहादुर ओलीले मन्त्रालयको प्रगति विवरण प्रस्तुत गरे।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/२७

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/१२/२४ मा स्वीकृती प्राप्त भई सावित कम्पनी रारा मिडिया ग्रुप प्रा. लि. वी.न.पा-८, सुर्खेत (प्रा.लि.नं. २७४९७४/०७८/०७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको रारा मिडिया नेटवर्क प्रा.लि. वी.न.पा-४, सुर्खेतले स्वीकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सात सय ६७ आयोजना प्रदेश सरकारलाई सिफारिस



काँक्रेविहार संवाददाता
सल्यान, २६ चैत

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३।८४ का लागि सल्यानबाट ७ सय ६७ आयोजना सिफारिस गरेको छ। जिल्लास्थित विभिन्न कार्यालयबाट प्राप्त एक हजार ७ सय ८ योजना प्रस्तावमध्ये प्राथमिकताका आधारमा छनोट गरी प्रदेश सरकारमा पठाइएको हो।

सामाजिक विकास कार्यालयले २ सय ५६ प्रस्तावमध्ये ७९ आयोजना, पूर्वाधार विकास कार्यालयले ५ सय ७० प्रस्तावमध्ये १ सय ८२ आयोजना, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयले तीन अर्ब १० करोड ५२ लाख रुपैयाँ बराबरका आयोजना सिफारिस गरेको छ।

पशु अस्पताल तथा पशु सेवा कार्यालयले सात करोड ९७ लाख बराबरका २५ योजना र डिभिजन वन कार्यालयले ६५ करोडको १ सय ८३ प्रस्तावमध्ये ६३ आयोजना छनोट गरेको छ।

कृषि विकास कार्यालयले पनि आवश्यकताका आधारमा योजना छनोट प्रक्रिया अघि बढाएको छ। प्रदेश सभा सदस्य तथा जिल्लाका १० स्थानीय तहका जनप्रतिनिधिहरूको सहभागितामा योजना छनोट गरिएको हो।

गत मंसिरमा आह्वान गरिएका योजना स्थानीय तहबाट सिफारिस र नागरिकबाट प्रत्यक्ष पेश गरिएका योजनालाई समेटेर प्राथमिकिकरण गरिएको छ। प्रदेश सरकारले 'आयोजना प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी कार्यविधि, २०८२' लागू गरी योजना छनोट प्रक्रियामा सुधार गरेको छ। प्रदेशसभा सदस्य भीमप्रकाश शर्माले विगतमा मन्त्रालय धाएर योजना हाल्ने प्रवृत्ति अन्त्य भएको र जिल्लास्तरीय समितिमार्फत मात्र योजना छनोट गरिएको बताए।

पूर्वाधार विकास कार्यालय सल्यानका प्रमुख नवीन थापाले योजनाको विस्तृत छलफल, विश्लेषण र प्राथमिकिकरण गरी दोहोरोपनालाई न्यूनीकरण गरेर सिफारिस गरिएको जानकारी दिए।

छनोट भएका आयोजना वैशाख १५ भित्र 'आयोजना बैंक' मा अभिलेख गरिने व्यवस्था छ। नयाँ कार्यविधिअनुसार, सडक र भवन पूर्वाधारका लागि न्यूनतम ५० लाख रुपैयाँ, अन्य योजनाका लागि २० लाख रुपैयाँ, र साना सिँचाइ आयोजनाका लागि १० लाख रुपैयाँसम्म कार्यान्वयन सम्भव छ। ५० लाखभन्दा माथिका आयोजना अनिवार्य रूपमा 'आयोजना बैंक' मा सूचीकृत गर्नुपर्ने व्यवस्था रहेको उद्योग, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले जानकारी दिए। छत्रेश्वरी गाउँपालिका अध्यक्ष ओजबहादुर बुढाथोकीले स्थानीय तह र सरोकारवालाबाट आएका योजनालाई एकीकृत रूपमा छलफल गरी चयन गर्दा दोहोरोपनाको अन्त्य हुने र वास्तविक आवश्यकतामा आधारित योजना छनोट हुने बताए।

प्रदेश सरकारले असार १ भित्र आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने तयारी गरिरहेको छ। नयाँ कार्यविधि कार्यान्वयनपछि आगामी वर्षहरूमा योजना छनोट प्रक्रिया अझ व्यवस्थित, पारदर्शी र प्रभावकारी हुने अपेक्षा गरिएको छ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
श्रीनगर, हुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

ठूलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)